RR Interdisciplinary Journal
Vol. 5, No. 5, 97-105, December, 2024 (2081 Mangsir)
https://doi.org/10.3126/rrij.v5i5.78931

# नेपालको राजनीतिमा मदन भण्डारी

**निलाकुमारी नेपाल**[1]

**लेखसार**

*प्रस्तुत लेखमा मदन भण्डारीलाई नेपालको वाम, लोकतान्त्रिक आन्दोलनको एक प्रमुख अगुवा र कम्युनिस्ट आन्दोलनको विशिष्ट सिद्धान्तकारको रूपमा किन लिइन्छ भन्ने प्रश्न खडा गरी जनताको बहुदलीय जनवादका प्रजातान्त्रिक एवम् कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित मान्यताका आधारमा विश्लेषण गरिएको छ । यस लेखको उद्देश्य राजनीतिक यात्राको छोटो जीवनकालमा जननेता मदन भण्डारीले नेपाली समाजका निम्ति गरेका योगदानहरूको जानकारी दिनु रहेको छ । यस लेखमा पुस्तकालयीय प्रक्रिया बमोजिम मदन भण्डारीको जनताको बहुदलीय जनवाद लाई प्राथमिक स्रोत सामग्री र यससँग सम्बद्ध कृतिहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्राप्त तथ्यहरूलाई विश्लेषण विधिद्वारा विवेचना गरिएको छ । लोकतन्त्र र सामाजिक परिवर्तनका लागि आफ्नो सम्पूर्ण जीवन समर्पित गरेका मदन भण्डारी २०४६ सालको संयुक्त जन आन्दोलनका मुख्य संवाहकमध्ये एक रहेका थिए । सिर्जनात्मक सोच र मौलिक चिन्तनका आधारमा उनले वामपन्थी आन्दोलनलाई नयाँ दिशा दिइएका थिए । उनैबाट प्रतिपादित जनताको बहुदलीय जनतावादले नेपाली समाजको शान्तिपूर्ण र लोकतान्त्रिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । गणतन्त्र र संविधानका सम्बन्धमा उनका मान्यताहरू कति दूरदृष्टियुक्त थिए भन्ने कुरा २०६२/०६३ सालको परिवर्तन र त्यसपछिको संवैधानिक विकास प्रक्रियाले स्पष्ट पारेका छन् । राष्ट्रियता र राष्ट्रिय स्वाभिमानका सम्बन्धमा उनले अगाडि सारेका विचार र लिइएका अडानको सान्दर्भिकता आज पनि उत्तिकै रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** प्रगतिशील, लोकप्रियता, सिर्जनशील, सैद्धान्तिक स्वतन्त्रता

## विषय परिचय

नेपालको राजनीतिक इतिहासमा ज्यादै छोटो अवधिमा सर्वाधिक लोकप्रियता हासिल गर्ने नेताहरूमा मदन भण्डारी । २००९ साल असार १४ गते शुक्रबारको राति, नेपालको पूर्वी पहाडी जिल्ला, ताप्लेजुङको ढुङ्गेसाँघुमा जन्म भएको थियो (नेपाल, २०७४, पृ.२३) । २०२४ सालमा एस.एल.सी.परीक्षा उत्तीर्ण भण्डारीले भारतको बृन्दावनमा पूर्वमध्यममा र उत्तर मध्यममाको अध्ययन पूरा गरी बाराणसीस्थित बनारस संस्कृत विश्वविद्यालयबाट शास्त्री र आचार्य तहको अध्ययन पूरा गर्नुभएको थियो (कुइकेल, २०५०. पृ. ४४) । राजनीति यात्रा क्रममा उहाँले २०२४ देखि नै मार्क्सवादप्रति आकर्षित, २०२८ सालमा पुष्पलालको नेपाली जनवादी क्रान्तिकारी संस्कृतिक समूहमा केन्द्रीय सदस्य बन्नु भई सन् १९७० मा पुष्पलालको नेतृत्वमा रहेको कम्युनिष्ट पार्टीसँग सम्बन्धित भई सन् १९७०/७१ मा पुष्पलालले नै बनाएको सांस्कृतिक मोर्चामा आवद्ध, २०३३ सालमा मुक्तिमोर्चा सदस्य, २०३४ सालमा मुक्तिमोर्चा र कोअडिनेशनबिच एकता भई २०३५ साल पुस ११ मा नेकपा मालेको स्थापना भए पछाडि उहाँ त्यसको सदस्य र वि.सं.२०४१ सालमा पार्टीको पोलिटब्युरोमा निर्वाचित हुनु भई नेकपा मालेको सिराहामा सम्पन्न चौथो महाधिवेशन (२०४६ भदौ ९-१४) बाट सर्वसम्मतिले महासचिवमा निर्वाचित हुनु भएको थियो । स्मरणीय कुरा के छ भने नेकपा (माले) भित्र २०२६ सालदेखि नै सामान्य मतान्तर देखा पर्दै रहेपनि २०२७ देखि पार्टीमा सैद्धान्तिक र राजनीतिक विवाद शुरु भएको अवस्था, राजनीतिक स्वतन्त्रता कि, पार्टी स्वतन्त्रता भन्ने कार्यनितीक नाराको विवादले पार्टीमा

[1] MPhil/PhD scholar of Political Science at Tribhuvan University, Nepal.
Email:indiranepal68@gmail.com

चर्को रूप लिएको थियो । राजनीतिक स्वतन्त्रताको नारा प्रमुख कार्यनितीक नाराको रुपमा पारित भयो । हो यही विवादमा भण्डारी सकृय भई नेतृत्व समेत गर्नु हुँदै पार्टीभित्र अन्योल र अस्पस्टता रहेका कार्यक्रम र यसको आम तथा ठोस पक्ष, प्रधान अन्तरविरोध, रणनीति र कार्यनीतिजस्ता महत्वपूर्ण सवालहरूमा स्पष्ट धारणा अघि सार्दै पार्टीलाई सही दिशामा अगाडि बढाउन अग्रणी भूमिका निर्वाह गरेकै कारण २०४१ मा पोलिटव्यूरो तथा २०४६ मा महासचिवमा निर्वाचित भइसकेपछि संयुक्त वाममोर्चाको निर्माणमा महत्वपूर्ण भूमिका । जसले वि.सं.२०४६ को संयुक्त जनआन्दोलनको आधार भूमि तयार गरेको थियो । महासचिवको हैसियतले भण्डारी संयुक्त वाममोर्चा निर्माण, संयुक्त जनआन्दोलन सञ्चालन, अन्तरिम सरकार, संविधान निर्माण पार्टी एकीकरण, पार्टीलाई खुला गर्ने, पार्टीले आफ्नै नामबाट चुनावमा जाने, सरकार बनाउने, प्रगतिशिल सुधारका काम गर्दै अगाडि बढने जस्ता लोकतान्त्रिक राज्यका आधारहरू तयार गर्ने ढङ्गले प्रस्तुत हुँदै गर्दा २०४६ सालको संयुक्त जनआन्दोलनले ल्याएको परिवर्तनसँगसँगै २०४७ साल बैशाख १६ गते भूमिगत जीवनबाट बाहिर सार्वजनिक हुनु भएको, सोही सालको कात्तिक २३ गते संविधान घोषणा पश्चात पार्टीको धारणा सार्वजनिक गर्न आयोजीत आमसभामा पहिलो पटक तत्कालिन नेकपा (माले) को महासचिवको हैसियतले जनतासामु प्रस्तुत हुनुभएको थियो (सिलवाल, २०६७, पृ.७७) ।

वि.सं.२०४७ पुस २२ गते तत्कालीन नेकपा (माले) र माकर्सवादीबिच एकिकरण पश्चात नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा एमाले) को गठन भयो । यसरी गठन भएको केन्द्रीय सङ्गठन कमिटीको उहाँ महासचिव रहनु भएको थियो । उहाँ खुल्ला राजनीतिमा मोटामोटी तीन वर्ष मात्रै सक्रिय रहन पाउनु भयो । यो अवधिमा २०४८ सालको आमनिर्वाचनमा काठमाडौँको दुई वटा निर्वाचन क्षेत्र १ र ५ बाट निर्वाचित हुनु भएको थियो । पाटीको पाचौँ राष्ट्रिय महाधिवेशन (२०४९ माघ १४-२०) मा उहाँद्वारा प्रस्तुत नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद पारित भएको थियो । नेपालको वाम आन्दोलनमा एउटा विचार प्रवृद्धि ‘मूलधार’ भनिएको दल नेकपा (एमाले) को उहाँ महासचिव निर्वाचित हुनु भएको थियो ।

मदन भण्डारीद्वारा अगाडि सारिएको जनताको बहुदलीय जनवाद (जबज) ले नेपालको कम्युनिष्ट आन्दोलन साथै लोकतान्त्रिक आन्दोलनमा निकै ठुलो अर्थ राख्दछ । मूख्यतः कम्युनिष्ट आन्दोलनलाई शान्तिपूर्ण प्रतिस्पर्धा तथा संघर्षको माध्यमद्वारा समाजवाद हुँदै साम्यवादमा पुऱ्याउने मान्यताका साथ जबजलाई अगाडि सारिएको छ । तत्कालीन सोभियत संघ र पूर्वी युरोपमा समाजवादले भोग्नुपरेको गम्भीर धक्का र असफलतापछि विश्व कम्युनिष्ट आन्दोलनमा नयाँ किसिमले बहस बढ्दै रहेको अवस्थामा विश्वका पूँजीवादी शक्तिहरूले मार्क्सवादको असान्दर्भिकता पुष्टि भएको निष्कर्ष निकाले साथै पुजीवादी थिंङ्कट्याङकहरूले “इतिहासको अन्त्य” र “विचारधाराको मृत्यु” को घोषणा गरेका, फ्रान्सिस फुकुयामा र स्याम्युयलपी हण्टिङटनका विचारहरूमा प्रतिनिधित्व ढंगले अभिव्यक्ति यी निष्कर्षहरू संसारभरका समाजवादीहरूका सामु गम्भीर चुनौतिका रुपमा उपस्थित थिए (ज्ञवाली, २०६७, पृ. ५) । सँगसँगै, विश्वव्यापी, राजनीतिक शक्ति सन्तुलनमा ठुलो परिवर्तन आयो । सोभियत प्रकृतिको समाजवाद असफल भएपछि संसारका कतिपय कम्युनिष्ट पार्टीले आफ्नो नाम र झण्डा परिवर्तन गरे । यस किसिमका पार्टी अन्ततः समाजवादी आन्दोलनबाट विचलित भई पूँजीवादी पार्टीमा रूपान्तरित समेत हुन पुगे । त्यस्तो अवस्थामा नेपालमा भने मदन भण्डारीको नेतृत्वमा कम्युनिष्ट आन्दोलन लोकप्रियताको शिखरमा अघि बढ्दै गयो । अन्तराष्ट्रिय परिस्थिति अत्यन्त प्रतिकूल भएको अवस्थामा पनि नेपालको कम्युनिष्ट आन्दोलन आश्चार्यजनक किसिमले अघि बढ्नुका पछाडि अनेकौं कारणमध्ये भण्डारीजस्ता सिर्जनशील, देश र जनताप्रति इमान्दार, त्यागी र समर्पित दुरदर्शी नेताको कुशल विचार र नेतृत्व एउटा प्रमुख कारण रहेको हामी पाउँदछौं ।

जनताको बहुदलीय जनवादले राजनीतिक प्रतिस्पर्धालाई सैद्धान्तिक रूपमा नै शासन प्रणालीको रूपमा लिएको साथै दललाई लोकतान्त्रीकरणको दिशा प्रदान गरेको, लोकतान्त्रिक मूल्यका स्थापित मान्यताहरूलाई आत्मसाथ गर्दै एउटा व्यक्ति वा संस्थामा शक्ति केन्द्रीत गर्ने कुराको विरुद्ध शक्ति पृथकीकरणका आधारमा बहुलता र बहुदलीयताका आधारमा हुने आवधि निर्वाचनबाट निर्वाचित व्यवस्थापिका, बहुमत जनप्रतिनिधिबाट निर्वाचित कार्यपालिका र स्वतन्त्र न्यायपालिकाको अवधारणा नै राज्यसत्ताको लोकतान्त्रिकरणको सन्दर्भमा जनताको बहुदलीय जनवादको मूल पक्ष हो ।

यसैबिच २०५० साल जेठ ३ गते पोखरामा पार्टीको कार्यक्रम सिध्याएर चितवनमा अखिल नेपाल महिला संघको जिल्ला अधिवेशनलगायत तराईको पार्टीकामको सिलसिलामा जाँदा चितवनको दासढुंगा भन्ने ठाउँमा रहस्यमय दुर्घटनामा परी मदन भण्डारीको निधन भयो । यद्यपि भण्डारीको अवसान आकस्मिक दुर्घटना हो वा षड्यन्त्रपूर्ण हत्या थियो । यो आजसम्म पनि बहसको विषय रहेको छ । (भण्डारी, २०६९ 'संकलित रचनाहरू'.पृ. अन्तिम)

## अध्ययन विधि

प्रस्तुत लेखको प्राज्ञिक जिज्ञासा समाधान गर्न पुस्तकालय, मदन आश्रित सम्बद्ध संस्था र मदन भण्डारी फाउन्डेसनमा गई अध्ययन गरी तथ्याङ्क लिइएको र सम्बन्द्ध लेख पुस्तकको माध्यमबाट अधिकांश विषय समेटिएकाले यसमा प्राथमिक र द्वितीयक स्रोतद्वारा सामग्री सङ्कलन गरी विवरणात्मक र विश्लेषणात्मक विधिमा आवद्ध भएर निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

मार्क्सवादी दर्शनलाई नेपालको वामपन्थी आन्दोलनमा (कम्युनिष्ट आन्दोलन) मा सिर्जनात्मक प्रयोगको रूपमा जनताको बहुदलीय जनवादलाई मदन भण्डारीले अगाडि सार्दै गर्दाको अवस्थामा नब्बेका दशकमा जब विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थाबाट अगाडि बढीरहेको थियो । (खासगरी तत्कालिन सोभियत संघको विघटन सँगै) तर नेपालमा भने कम्युनिष्टहरूको लोकतान्त्रिक पद्दतिबाट (निर्वाचन को माध्यमबाट) अगाडि बढदै गर्दा मदन भण्डारीको नेतृत्वमा नेकपा (एमाले) पार्टीको पाचौं राष्ट्रिय महाधिवेशनमा नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा जबजलाई पारित गरिएको थियो । यो महाधिवेशनले "जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं" भन्ने मान्यतालाई आत्मसात् गरेको थियो ।

प्राय कम्युनिस्टहरू एकदलीय मान्यतामा आधारित हुन्छन्, लोकतान्त्रिक पद्दतिमा चल्दैनन् भन्ने पूर्व मान्यतालाई जवर्जस्त तोड्दै जनताको बहुदलीय जनवाद अगाडि आएको मदन भण्डारीद्वारा प्रतिपादित यस सिद्धान्तलाई नै नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रुपमा पाइन्छ । यो सामन्तवाद, सम्राज्यवाद विरोधी पूँजीवादी जनवादी क्रान्तिलाई आफ्नो न्यूनतम् लक्ष्य बनाएर अघि आएको कार्यक्रम नयाँ जनवादी क्रान्तिको कार्यक्रमको सारतत्व सहितको कार्यक्रम जनताको बहुदलीय जनवादका निम्न थप १४ विशेषताहरूलाई विश्लेषण सहित अगाडी सार्नु भएको थियो ।

जनताको बहुदलीय जनवाद आजको हाम्रो राजनीतिक व्यवहार र आचरणलाई निर्देशित गर्ने कार्यदिशा मात्र होइन यो भोलिको राजनैतिक सामाजिक र आर्थिक निर्माणको कार्यक्रम पनि हो । त्यसको खाका कोर्ने र निर्देशित गर्ने मार्गदर्शक बिचार पनि हो । संविधानको सर्वोच्चता कानूनको शासन वहुमतको साकार र अल्पमतको विपक्ष आवधिक निर्वाचन बहुलवादी खुला समाज बहुदलीय प्रतिस्पर्धाको प्रणाली शक्ति पृथकीकरणको सिद्धान्त र मानव अधिकारको रक्षा जस्ता कुराहरूप्रति आफ्नो प्रतिवद्धता जनाएर जनताको बहुदलीय जनवादले क्रान्ति अघिमात्र होइन क्रान्ति पछि पनि कम्युनिष्ट पार्टी कसरी अघि बढ्नेछ भन्ने कुराको स्पष्ट सङ्केत गरेको पाइन्छ र यसरी बहुदलीय जनवाद जनतालाई आर्थिक सामाजिक र राजनैतिक तिनै क्षेत्रमा अधिकार सम्पन्न वनाउने र जनताकै उन्नतिको लागि समाजलाई बुझ्ने विश्लेषण गर्ने, रूपान्तरण गर्ने र त्यसलाई अग्रगति तर्फ लैजाने सिद्धान्त हो ।

१. **संविधानको सर्वोच्चता :** वर्ग, व्यक्ति, संस्था वा पार्टी संविधानभन्दा माथि हुन सक्दैन । यसले समाजको निरन्तर प्रगतिलाई निकास दिन सक्नुपर्दछ (भण्डारी, २०४९, पृ.२४) । संविधानको विशिष्ट स्थानलाई यो सन्दर्भले पृष्टि गर्छ ।

२. **बहुलवादी खुला समाज :** प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रको निम्ति सोच्ने, बोल्ने तथा आफ्ना अनुभूतिहरू व्यक्त गर्ने स्वतन्त्रता हुनुपर्दछ । बाहिरी दुनियाँबाट अलग, बन्द र एकोहोरो समाज हुनुहुँदैन ।

३. **शक्ति पृथकीकरणको सिद्धान्त :** शक्ति व्यक्तिको हातमा मात्र होइन संस्थाको हातमा पनि अति केन्द्रिकरण हुनुहुँदैन । एउटै संस्था कार्यकारी, विधायकी र न्यायिक अधिकार प्रयोग गर्ने केन्द्रीय शक्ति हुनुहुँदैन ।

४. **मानव अधिकारको रक्षा :** साँचो अर्थमा कम्युनिष्टहरू नै मानव अधिकारको सबभन्दा दृढ योद्धा हुन् र हुनसक्छन् । मानव अधिकारको रक्षा कम्युनिष्ट आन्दोलनको महत्वपूर्ण तत्व हो र हुनुपर्दछ भण्डारी, २०४९, पृ. २५-२६) ।

५. **बहुदलीय प्रतिस्पर्धा प्रणाली :** राज्य र त्यसका राजकीय निकायहरू सम्पूर्ण जनताको चासो र सरोकारका विषय हुन् । त्यसमा एउटा मात्र पार्टीको एकाधिकार हुनुहुँदैन । वर्गीय विविधता भएको समाजमा अनेकन राजनीतिक पार्टीहरू हुन सक्दछन् । तिनलाई संविधान बमोजिम राजनीतिक प्रतिष्पर्धा गर्ने स्वतन्त्रता दिनुपर्दछ ।

६. **आवधिक निर्वाचन :** जनताले एकपटक गरेको निर्णय संधैको निम्ति शाश्वत हुन सक्दैनन् । निर्वाचन-बिचार, कार्यक्रम र नीतिहरूको आधारमा निश्चित अवधिमा हुनुपर्दछ । एउटै नीति र कार्यक्रम भित्र व्यक्ति मात्र रोज्न पाउने व्यवस्था सारतत्वमा लोकतान्त्रिक हुन सक्दैन । मदन भण्डारी, नेपाली क्रान्तिको कार्यक्रम ( जबज) (पाचौं महाधिवेशन २०४९ माघ १४-२०) पेज नं.२६, २७

७. **बहुमतको सरकार र अल्पमतको विपक्ष :** बहुदलीय पद्दतिको मूल तत्व संगठित प्रतिष्पर्धा हो । अर्को मूल तत्व बहुमतको सरकार र अल्पमतको विपक्ष हुने संवैधानिक व्यवस्था हो । सरकारको विपक्षमा वैधानिक रूपमा काम गर्न पाउने प्रणाली लोकतान्त्रिक प्रणाली हो ।

८. **कानुनको शासन :** कुनै पनि व्यक्तिमाथि कानून अनुसार अधिकार प्राप्त निकायको औपचारिक निर्णयबाट मात्र दण्डित गर्न सकिने व्यवस्था । सरकार र शक्ति हातमा भएको कुनै पनि निकाय वा व्यक्तिले स्वेच्छाचारी ढङ्गले काम गर्न पाउने छैनन् र ती सबै प्रचलित कानून अनुसार गरिने छन् ।

९. **जनताको जनवादी व्यवस्थाको सुदृढीकरण :** जनताको जनवादी व्यवस्था अपेक्षाकृत लामो समयसम्म रहने सामाजिक व्यवस्था भएको हुनाले यसलाई चरणवद्ध रूपमा अगाडि बढाइने छ ।

**पहिलो चरण :** पुरानो व्यवस्थाका शोषणका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने ।

**दोश्रो चरण :** नयाँ उत्पादन सम्बन्धको आधारमा समाजका सबै क्षेत्रमा भौतिक र सांस्कृतिक दुवै हिसाबले विकास गर्ने कुरामा केन्द्रित भएर लाग्ने ।

**तेश्रो चरण :** समाजवादमा सङ्क्रमणको निम्ति केन्द्रित भएर भौतिक तथा सांस्कृतिक तयारी गर्ने । मदन भण्डारी, नेपाली क्रान्तिको कार्यक्रम (जबज) (पाचौं महाधिवेशन २०४९. पृ. २८-२९)

१०. **विदेशी पूँजी र प्रविधि :** वैदेशिक पूँजी र प्रविधिको सवालमा नीतिगत रूपमा ढोका बन्द गरिने छैन । संविधान र ऐन कानूनको सिमाभित्र राष्ट्रिय हितलाई ख्याल राखेर वैदेशिक पूँजी र प्रविधिको लगानी, संरक्षण र उपयोग गरिनेछ ।

११. **क्षतिपूर्ति :** नयाँ समाजको निर्माणमा सकारात्मक योगदान गर्न नचाहने र त्यसको विरोध र ध्वंसमा लाग्ने सामन्ती जमिन्दार बाहेक अरूलाई जमिनको क्षतिपूर्ति दिइने छ । क्षतिपूर्तिलाई उद्योग, व्यापार र व्यवसायतर्फ स्थानान्तरित गराउने नीति लिइने छ ।

१२. **विदेश नीति :** पञ्चशिलको सिद्धान्त अनुरूप वैदेशिक सम्बन्ध कायम गरिने । आफ्नै प्रत्यक्ष पहलबाट अन्तर्राष्ट्रिय समर्थन जुटाउने । क्रान्ति र निर्माणको ठोस व्यवहारिक विषयलाई बेवास्ता गरेर केवल सैद्धान्तिक आग्रहबाट मात्र वैदेशिक नीति निरुपित नहुने । मदन भण्डारी, नेपाली क्रान्तिको कार्यक्रम (जबज) (पाचौं महाधिवेशन २०४९ माघ १४-२०) पेज नं.२९, ३०

१३. **नेतृत्व र अधिनायकत्व :** सेवा, पहलकदमी र प्रतिष्पर्धाद्वारा नेतृत्व प्राप्त गर्ने । अधिनायकत्व शव्दको सट्टा आम रूपमा जनताको जनवादी राज्यसत्ता शब्दको प्रयोग गर्ने ।

१४. **जनताको बहुदलीय जनवाद :** यो नेपाली सन्दर्भको नयाँ जनवाद हो । नयाँ जनवादी क्रान्तिको सारतत्व र यस कार्यक्रममा थप १४ विशेषतालाई व्यक्त गर्ने गरी जनताको बहुदलीय जनवाद नामाकरण गरिएको हो (भण्डारी, २०४९, पृ. ३०-३१) ।

यसरी हाल आएर नेपाली क्रान्तिको सिद्धान्तको रूपमा जबजले नेपाली क्रान्तिको कार्यक्रम, रणनीति, कार्यनीति र कार्यदिशालाई मार्गदर्शन गरेको पाइन्छ । अर्थात जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको नेतृत्वकारी बिचारको रूपमा ग्रहण गर्दै नेकपा (एमाले) पार्टी आगाडि बढेको देखिन्छ साथै जबजले नेपाली क्रान्तिको कार्यक्रमको रूपमा विभिन्न क्षेत्रमा पनि स्पष्ट पारेको पाइन्छ ।

मदन भण्डारीले जबजलाई अगाडि सारिरहँदा केवल सिद्धान्त र राजनीतिक बिचारको बारेमा मात्र व्याख्या गर्नु भएन, उहाँले नेपाली समाज र नेपाल राष्ट्रलाई सम्बृद्धिको दिशामा अगाडि बढाउन हरेक क्षेत्रमा गर्नुपर्ने योजना र कामको बारेमा समेत व्याख्या गर्नुभएको छ ।

## विमर्श र नतिजा

मदन भण्डारीका योगदानलाई जबजका आधारमा विभिन्न शीर्षक, उपशीर्षकमा विभक्त गरी विवेचना गरेर सिद्धान्तका दृष्टिले जबज लोकतान्त्रिक उपलब्धि रहेको निष्कर्ष निकालिएको छ ।

### राष्ट्रियताको सवालमा मदन भण्डारी

मदन भण्डारीले केवल नेपाली क्रान्तिको कार्यक्रम कार्यदिशा मात्रै प्रष्ट पार्नु भएन उहाँले नेपाल राष्ट्रको अखण्डता, सार्वभौमसत्ता र नेपाली जनताको स्वाधिनताका सन्दर्भमा समेत एउटा स्पष्ट कार्यदिशा तयार गरि नेपाली समाजसामु पस्कनुभएको छ ।

मदन भण्डारीले पटक पटक संसदमा राष्ट्रियता र मुलुकको अखण्डतालाई कायम राख्ने कुरामा आफ्नो मन्तव्यहरू प्रष्ट रूपले अभिव्यक्त गर्नु भएको पाइन्छ। सन् १९९१ को डिसेम्वर ५ मा भएको टनकपुर बाँध सम्बन्धि सम्झौता र सो को लिखतका सन्दर्भमा उहाँले दरिलो अडान राखेको कारण आज सम्म पनि हामीले सो कुरामा अडान राख्ने र भारतसँग कुटनीतिक ढङ्गले कुरा राख्न पाइरहेका छौँ । उहाँले न्युजविक सँगको बहुचर्चित अन्तर्वार्तामा समेत हामी चीन र भारतसँग राम्रो सम्बन्ध कायम गर्न चाहन्छौं, न. प्रो चिन, नं. प्रो इण्डिया भन्ने भनाई राख्नु भएको थियो । उहाँले “विगतमा भारतसँग केही असमान र अपमानजनक समझौता भएका छन् त्यस्ता सन्धिका असमान र अपमानजनक प्रावधानहरू हटाउनु पर्ने” (लिटविन, सन् १९९३, पृ. ५८) धारणा राख्नु भएको थियो ।

२०४८ साल मंसिर १९ देखि २५ सम्म तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ज्यूले भारत भ्रमण गर्नुहुँदा टनकपुर परियोजनाका बारेमा गरिएको विषयप्रति संसदमा “टनकपुर सन्धि प्रतिनिधिसभामा होइन, दुवै सदनको संयुक्त बैठकमा पेश गरिनुपर्छ” भन्दै मदनले “यो मुलुकको २.९ हेक्टर मात्रै होइन एक इन्च मात्र पनि जमिन कुनै अर्को वैदेशिक राष्ट्रलाई दिन सकिदैन” (भण्डारी, २०५६, पृ.९९) भन्ने अभिव्यक्ति दिनुभएको थियो ।

त्यति मात्र होइन २०४८ चैत्र २४ गते राति दार्चुलामा मदन भण्डारीले राष्ट्रियताजस्तो गंभिर विषयमा वस्तुगत यथार्थ अवस्थाको अवलोकन र विस्तृत अध्ययन नगरी वोलिहाल्नु हुँदैन भन्नु हुँदै सो विषयबारे स्थलगत अध्ययन गर्न विरबहादुर ठगुन्नालाई भन्नु भएको पाइन्छ। ठगुन्नाले ०४९ भदौ २५ देखि असोज ३० गतेसम्म सीमा क्षेत्रको स्थलगत अनुगमन गरेको पाइन्छ (भण्डारी, २०५६, पृ.९९) । मदन भण्डारी सुक्ष्म अध्ययन, गर्ने साथै तथ्यपरक ढङ्गले अभिव्यक्त प्रकट गर्ने राजनेता समेत हुनुहुन्थ्यो उहाँले जनकपुर परियोजना सम्बन्धि सम्झौता जुन सन् १९९१ को डिसेम्वर ५ मा भएको त्यो सम्झौता गरिहेकै वेला, त्यो टनकपुर सम्बन्धि सम्झौताको पहिलो लिखतमै, पहिलो प्यारାग्राफमा यो सम्झौतालाई डिसेम्बर १५ देखि कार्यान्वयन हुने गरी यो सम्झौता गरिन्छ भनेर उल्लेख गरिएको छ भन्ने कुरालाई उहाँले इंगित गर्दै जुन सम्झौता संघीय संसदले अनुमोदन नगरुन्जेलसम्म नेपालको हकमा त्यो लागूभएको मानिने छैन भन्ने दरो अडान प्रस्तुत गर्नु भयो । जुन कुरा सम्मानित सर्वोच्च अदालतबाट मिति २०४९ मंसिर ३० गते “टनकपुर बाँध परियोजना सन्धि हो यो संविधानको धारा १२६(२) अन्तर्गत दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाइबाट अनुमोदन भएपछि मात्र नेपाल अधिराज्यको हकमा लागु भएको मानिन्छ” (भण्डारी, २०४८, पृ.२०) भन्ने फैसलाले नै प्रमाणित गरेको थियो ।

भारतीय कम्युनिष्ट पार्टी (माले) का महासचिव विनोद मिश्रले समेत मदन भण्डारीको सन्दर्भमा मिश्रका अनुसार उहाँकै शब्दमा "मदन भण्डारी आफ्नो पार्टीको आन्तरिक र राष्ट्रियताका सवाल माथि गरिएको ठाडो हस्तक्षेपलाई सिधै अस्विकार गर्नुहुन्थ्यो ।" उहाँको देहावसान पछिको दुःखद् घडीमा भण्डारीलाई एक प्रिय मित्र एउटा साहसी र गरीमामय व्यक्तित्वका रूपमा संम्बोधन गर्दै मिश्रले भन्नुभएको थियो "मैले उहाँलाई सधै आत्मविश्वास सम्मान र गौरवको उदात्त भावनाले भरिपूर्ण मित्रका रूपमा पाएँ" (मिश्र, २०५१, पृ. ८७) । न्युजविकसँगको अन्तर्वार्ताका क्रममा पनि उहाँले एउटा प्रश्नको उत्तरमा यही भावना अभिव्यक्त गर्नु भएको थियो । प्रश्न थियो केही गैरकम्युनिष्टहरू भन्दैछन् तपाईले चीन र भारतको कम्युनिष्ट पार्टीबाट पैसाको सहयोग प्राप्त गरिरहनु भएको छ ।" जवाफमा भण्डारीले "त्यो झुट हो, हामीले न कहिले त्यस्तो आर्थिक वा भौतिक सहयोग कतै मागेका छौ, न लिएका छौ" (लिटविन, १९९३ पृ. ५८) भन्ने प्रस्ट जवाफ दिनु भएको थियो ।

हाम्रो देश त्यसै पनि भारतद्वारा तिनतिरबाट घेरिएको र दुई देशबिचको सीमाना खुला रहेको, छ । यी देशका जनता बिच प्राग ऐतिहासिक काल देखिनै बहुपक्षीय सम्बन्धहरू पनि रहदै आएको छ, तर हाम्रो दक्षिण एसियामा अंग्रेजहरूको प्रवेश देखिनै दक्षिणी सीमा बढी संवेदनशील रहेको तर्फ मदन भण्डारीले पटक पटक उल्लेख गर्दै आउनु भएको थियो । त्यो सन् १९४७ मा स्वतन्त्र भारतको निर्माण पछि पनि कम भएन। भारतका शासकहरूले पनि अङ्ग्रेजहरूले झैं समग्र हिमालयलाई नै आफ्नो उत्तरी सुरक्षारेखा ठान्न पुगेको तर्फ उहाँले इङ्गित गर्नु भएको छ । यसै मानसिकता अनुरूप असमान सन्धि सम्झौता गर्ने, पारवहन सुविधा नदिने, सीमा अतिक्रमण गर्ने, आन्तरिक मामलामा दखल, हस्तक्षेप गर्ने, आफ्नो स्वार्थ अनुरूप आर्थिक र व्यापारिक नीति लिन बाध्य पार्ने र नेपालको विदेश नीतिलाई भारतको विदेश नीति अनुरूप आर्थिक र व्यापारिक नीति लिन बाध्य पार्ने र नेपालको विदेश नीतिलाई भारतको विदेश नीति अनुरूप हुनुपर्छ भनी माग गर्ने कार्य गर्दै आएको कुराको विरुद्धमा भण्डारीले सशक्त आवाज उठाउँदै "राष्ट्रिय हित र प्रजातान्त्रिक अधिकारको संरक्षणको निम्ति कुनै पनि धम्की वा प्रलोभनबाट तर्सिन हुँदैन भन्ने दृढ राष्ट्रवादी अडान राख्नु भएको पाइन्छ (भण्डारी, २०६७, पृ. २०) ।

## सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा मदन भण्डारी

भिन्नताप्रति सहिष्णुता र विविधताभित्र एकताको प्रष्ट विचारक भण्डारीले नेपाली समाजको चरित्र, सामाजिक सदभाव र राष्ट्रिय एकताको पक्षमा समेत ठुलो योगदान पुऱ्याउनु भएको, उहाँले नेपाली समाजको सही वर्ग विश्लेषण गर्ने मात्र होइन, नेपाली समाजको सामाजिक सदभाव र सोलाई कायम गर्न राज्यले अपनाउनु पर्ने नीतिका सन्दर्भमा समेत प्रष्ट पार्नु भएको छ । नेपाली समाज विभिन्न धर्म जाती भाषा र भिन्न भौगोलिक स्थितिमा रहेको नेपालको यो आफ्नै मौलिक पहिचान हो । हामीले एकरूपतामा मात्रै एकता खोज्ने होइन्, एकरूपतामा त एकता सहज हुन्छ मुल कुरा विविधतामा एकता हुनु हो भन्ने कुरालाई प्रष्ट रूपमा प्रस्तुत गर्नु भएको छ । साथै उहाँले मुलकभित्र मात्र होइन कलकत्ताको सेमिनार जसमा १९ वटा देशबाट २१ पार्टीहरूका कूल ४२ प्रतिनिधि उपस्थित सेमिनारमा प्रष्ट रूपमा आफ्नो धारणा राख्नु भएको थियो (भण्डारी, २०६९, पृ.३५९) ।

## दूरदर्शी सोच र मिल्न मिलाउन सक्ने खुबीमा मदन भण्डारी

२०४६ सालको जनआन्दोलनको नेतृत्व संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसले गरेको भएपनि संयुक्त वाममोर्चा बनाउने व्यक्ति मदन नै हुनुहुन्थ्यो । नेपालका सम्पूर्ण कम्युनिष्ट पार्टीहरूको एउटा मोर्चा वनाउने र त्यसको नाम "संयुक्त वाममोर्चा" रहने साथै संयुक्त बाममोर्चाको नेतृत्वमा नेपाली काङ्ग्रेसले पत्याउने खालका वामपंथी नेताहरूलाई राख्ने, नेकपा (माले) पृष्ठ भागमा वसेर आन्दोलनलाई अगाडि वढाउन चारैतिरबाट मद्दत पुऱ्याउने बिचार मदन भण्डारीले अगाडि सार्नुभएको एउटा चातुर्यपूर्ण प्रयत्न थियो, जुन बिचारलाई नेकपा (माले) को बिचारको रूपमा सार्वजनिक गर्ने प्रस्तावलाई नेकपा मालेले आयोजना गरेको चौथो महाधिवेशले पारित गऱ्यो । त्यही महाधिवेशनले महासचिवमा भण्डारीलाई चुन्यो । उता पार्टीका केही साथीहरूका बिचमा सफलताको श्रेय बारे छलफल चल्दै थियो । योजना वनाउने र आन्दोलन सञ्चालन गरेको पार्टी पर्दाभित्रै रह्यो भनेर गुनासाहरू आए । मदन भण्डारी भन्नुहुन्थ्यो- "हालको हाम्रो मुख्य काम बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको स्थापना हो । हामीले अहिलेको गन्तव्य प्राप्त गरेका छौ । अब नेपाली राजनीतिमा नेपाली काङ्ग्रेसको भूमिका नकारात्मक हुन्छ । हामीसित एउटा स्पष्ट बाटो छ । संवैधानिक राजतन्त्र हाम्रो लक्ष्य होइन, यो त सम्झौताको एउटा टेको मात्र हो ।

हाम्रो राजनीतिक लक्ष्य भनेको राजाबिनाको प्रजातन्त्र हो । गणतन्त्र हो । काङ्ग्रेसको यात्रा संवैधानिक राजतन्त्र मात्र हो, अब काङ्ग्रेसको आन्दोलन सकियो, तर हाम्रो आन्दोलनको यात्रा जारी रहनेछ । त्यसैले यसपालिको आन्दोलनमा हाम्रो भूमिका देखापरेन भनेर पिरिनु हुँदैन । आन्दोलनमा हाम्रो नेतृत्वदायी भूमिका छ भनेर जानेको भए नेपाली काङ्ग्रेस आउन मान्ने थिएन । अब काङ्ग्रेस आए पनि नआएपनि भावी आन्दोलनको नेतृत्व गर्न सफल हुन्छौ । त्यही सफलताले हाम्रो पार्टीको भूमिकालाई उच्च स्थानमा पुऱ्याउनेछ " (भण्डारी, २०६९, पृ. २२७) । आन्दोलन सकिएपछि नेकपा मालेले पार्टी एकताको लागि कम्युनिष्ट पार्टी बिचमा प्रस्ताव राखेर सांगठनिक रूपमा नेकपा माले र नेकपा मार्क्सवादी बिचमा एकीकृत भएपछि नेकपा एकीकृत मार्क्सवादी लेलिनवादी (एमाले) नाम भयो, सूर्य चिन्ह लिएर चुनावी मैदानमा गएको एमालेले विजय हासिल गऱ्यो । कम्युनिष्ट जुटेर एकताबाट जनताबिच सन्देश लिएर जाँदा सफल होइन्छ र जनताका काम गर्न सकिन्छ भन्ने नेताहरू पनि आफ्नो बिचार र नीतिहरूको प्रचार गर्न थाले पार्टीको आवधिक निर्वाचन प्रजातन्त्रको एउटा अनिवार्य शर्त रह्यो । वहुमत प्राप्त पार्टीले सरकार वनाउने, संसदमा प्रधान मंत्री निर्वाचित हुने भएकोले संसदमा वहुमत सहित आफ्नो पार्टीको जीत सुनिश्चित होस भनेर पार्टी प्रचार अभियानमा जाँदा मदन भण्डारीले जनताको मत जित्नु भयो । अरुका भाषण सुन्दा १५ मिनेटमा नै अल्छी मान्ने श्रोताहरू मदन भण्डारीका भाषण सुन्दा २ घण्टासम्म हलचल नगरी सुनिरहन्थे "स्वरको आरोह अवरोह मिलाउँदै गाउँखाने कथा उखान, टुक्का र नेपालको इतिहासका सरोकार राख्ने विषयहरू समेटेर बोल्न सक्ने वाकशक्ति उहाँमा थियो । उहाँको जस्तो प्रभावशाली ढङ्गले भाषण गर्न र सक्ने सायदै अरू थिए भन्न गाऱ्हो थियो ।"

## मानव अधिकारका विषयमा मदन भण्डारी

श्रद्धाञ्जली पुस्तकको १६१ पृष्ठमा सुशील प्याकुरेलद्वारा लिखित शिक्षक आन्दोलनलाई पञ्चायत विरोधी आन्दोलनको एउटा अंश वनाउनुपर्छ शिक्षक संगठनमा सम्पूर्ण शिक्षकहरू अटाउनुपर्छ र कामको आधारमा नेतृत्व चयन हुनुपर्छ भन्ने धारणा मदनको थियो । उहाँ राजनैतिक प्रभाव होइन सक्रियताको आधारमा नै संगठनको नेतृत्व गरिनुपर्छ भन्नेमा जोड दिनुहुन्थ्यो ।

मानव अधिकार आन्दोलनको विषयमा निकै चासो लिएर भन्नुहुन्थ्यो हामीले मानव अधिकार आन्दोलनमा विशिष्टता हासिल गर्नुपर्छ (भण्डारी, २०६९, पृ. २२७) । नेपालमा भएको मानव अधिकारको हनन्को विषयलाई विश्वका कुना काप्चामा पुऱ्याउनुपर्ने र नेपाली जनताको आन्दोलनमा विश्वका जनता र सरकारको समर्थन जुटाउनु पर्ने तथा मानव अधिकार संरक्षण मञ्च गठन गर्दा अरु राजनैतिक शक्तिहरूको पनि सहयोग र समर्थन जुटाउनुपर्छ भन्नुहुन्थ्यो । त्यसै क्रममा मञ्चमा मानव अधिकार क्षेत्रमा परिचित विशिष्ट व्यक्तिलाई समावेश गराउनुपर्छ भन्नुहुन्थ्यो ।

२०४० सालमा मानव अधिकार संरक्षण मञ्चको गठन भएपछि यसलाई अगाडि बढाउने पञ्चायत विरोधी आन्दोलनमा संलग्नता बढाउने साथै मानव अधिकारको आन्दोलनलाई राजनैतिक सिमाभित्र मात्र राख्नुहुँदैन भन्ने मान्यता भण्डारी राख्नु हुन्थ्यो । सन् १९९० को डिसेम्बरमा दिल्लीमा भएको मानव अधिकारको विषयलाई लिएर दक्षिण एसियाली मानव अधिकार मञ्चको स्थापना हुँदा नेपालमा यसको कार्यालय स्थापना गर्नुपर्छ र मानवअधिकारवादी कार्याकर्ताले यसमा सक्रियतापूर्वक लागेर दक्षिण एसियामा मानव अधिकारको आन्दोलनमा नेपाली जनताको योगदानलाई स्थापित गर्नुपर्छ भन्नुहुन्थ्यो (भण्डारी, २०६९, २२३) । प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्नुपर्छ भन्नेमा विस्वास गर्ने भण्डारीले आफ्नो दलको मात्र अगुवाइ नभई समग्र नेपालको प्रजातान्त्रिक आन्दोलनमा खास गरी मानव अधिकार आन्दोलमा महत्वपूर्ण भूमिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट निर्वाह गर्नुभएको थियो । मानव अधिकार प्रवक्ता डा. क्लिरेन्स डायसले मदनको निधनमा पठाएको सन्देशमा प्रजातान्त्रिक आन्दोलनको एउटा खम्बा ढलेको छ, उहाँ मानव अधिकार प्रजातन्त्रको स्तम्भ नै हुनुहुन्थ्यो भनेका छन् (भण्डारी, २०५०, पृ ७४) ।

## निष्कर्ष

मदन भण्डारी नेपालको राजनीतिमा सर्वाधिक लोकप्रिय जननेता हुनुहुन्थ्यो । भूमिगत जीवनबाट खुल्ला हुनुभएको छोटो समयमा नै यति धेरै लोकप्रियता हासिल गर्ने नेताहरूमा मदन भण्डारीबाहेक सायद अरु कोही होला ? उहाँले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय वाम, लोकतान्त्रिक आन्दोलनबाट शिक्षा लिँदै यो मुलकलाई जबज जस्तो नविन बिचार दिनु भएको छ । जसलाई अहिले नेकपा (एमाले) ले आफ्नो सिद्धान्त (मार्गदर्शक सिद्धान्त) मानेर अगाडि बढिरहेको

छ । उहाँले जबज अगाडि सारिरहँदा केवल यसको व्याख्या मात्र गर्न भएन, राज्यको विभिन्न क्षेत्रमा गर्नुपर्ने कामलाई समेत सूत्रबद्ध गर्दै मुलुकको समग्र क्षेत्रमा गर्नुपर्ने कामका योजनाहरू समेत पस्कनु भएको छ । जसले उहाँको देहवसान भएको ३० वर्षपछि पनि उत्तिकै सान्दर्भिक रूपमा मार्गदर्शन गरिरहेको हामी पाउँछौं । उहाँको दूरदर्शिता २०४७ सालको संविधान माथिको आलोचनात्मक २७ बुँदाले पनि प्रष्ट पार्दछ । त्यतिखेर उहाँले राख्नुभएका २७ बुँदालाई गणतन्त्र नेपालको अन्तरिम संविधान र २०७२ मा जारी संविधानमा जस्ताको तस्तै समेट्नुले पनि देखाउँछ । २०४६ मा सम्पन्न चौथो महाधिवेशद्वारा महासचिव चुनिएको ६ महिना नबित्दै उहाँको महत्वपूर्ण भूमिका कै कारण संयुक्त जनआन्दोलनको थालनी गराउन सक्नु र सोही आन्दोलनद्वारा निरंकुश राजतन्त्रात्मक पञ्चायती व्यवस्थाको अन्त्य हुनुले उहाँको राजनीतिक कौशललाई प्रमाणित गर्दछ ।

समग्रमा मदन भण्डारी नवीन बिचारक, सिद्धान्तकार, दुरदर्शी, प्रष्टवक्ता, ओजिलो व्यक्तित्व भएका, राष्ट्रवादी जननेता हुनुहुन्थ्यो । मदन भण्डारीका विषयमा विभिन्न व्यक्तित्वहरू मध्येका केही व्यक्तित्वहरूको उहाँ प्रतिको सम्बोधन- 'इतिहासले मेरो मित्रलाई याद गर्ने छ' गणेश मान सिंह, 'एक ओजस्वी राजनेता' अर्जुन नर्सिङ के.सी, 'सत्यको बाटो रोज्ने महामानव मदन' दिन बन्दु अर्याल, 'एउटा कीर्तिमानी सपुत' तारानाथ रानाभाट, 'मदन भण्डारी जसको अभाव सधैं खट्किइरहनेछ' किशोर नेपाल, 'प्रजातान्त्रीक व्यवस्थाको परिपुरक' हिरण्यलाल श्रेष्ठ, 'प्रशान्त महासागरजस्तो गहिरो व्यक्तित्व' श्रीमती साहना प्रधान, 'वैचारिक क्षेत्रको निधि' नारायणमान विजुक्छे, 'उहाँ एमालेको मात्रै नेता होइन' तारिणीदत्त चटौत, 'देशको उज्ज्वल तारा' बलराम उपाध्याय, 'प्रखर, उद्धीप्त र व्यापक व्यक्तित्व' रामचन्द्र पौडेल, 'आलोचकलाई पनि आफुतिर तान्न सक्ने नेता' महन्थ ठाकुर, 'प्रखर दार्शनिक प्रणेता' वासुदेव रिसाल, 'मदन एक प्रज्ज्वल तारा' बेनि बहादुर कार्की, 'हि वाज एन अथोरिटी' दमन नाथ ढुंगाना, 'श्रोतः 'श्रद्धाञ्जली' २०७३ असार १४, मदन भण्डारी फाउण्डेसन) जस्ता थुप्रै देशिवेदेशी लगायत राष्ट्रवादी व्यक्तित्वहरूले समग्र पक्षले उहाँको प्रशंसा जताततै गरेको कारणबाट पनि भन्न सकिन्छ कि जननेता मदन भण्डारी प्रखर राष्ट्रवादी नेता हुनुहुन्थ्यो । उहाँले जबजको कार्यक्रम मै देशको राष्ट्रिय हितको आधारमा विश्वका सबै मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गरिने कुरा उल्लेख गर्नुभएको छ । विदेश सम्बन्धको बारे उहाँले असंलग्न, स्वतन्त्र, प्रगतिशील विदेश नीतिमा जोड दिनुभएको थियो । कुनै पनि विदेशी मुलुकहरूसँग तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग गरिएको सबै गुप्त सन्धीहरू खुला (सार्वजनिक) गरिनुपर्ने र सबै असमान सन्धी सम्झौताहरूलाई पञ्चशीलको आधारमा नविकरण गर्नु पर्ने उहाँको धारणाले पनि उहाँ राष्ट्रियताका सम्बन्धमा उहाँको दूरदर्शिता प्रकट गर्दछ । टनकपुर सन्धीको सम्बन्धमा यो सन्धी नै हो र यसलाई प्रतिनिधि सभाको दुवै सदनको सदस्यहरूको दुई तिहाई पास गर्नुपर्ने चट्टानी अडान उहाँले व्यक्त गरिरहँदा पछि सर्वोच्च अदालतको फैसलाले सो कुरा पुष्टि गरेको कुरालाई नै हामी उहाँको राष्ट्रवाद प्रतिको सूक्ष्म विश्लेषण र अडान बुझ्न सक्दछौं । उहाँले नेपालका वनजंगल, नदीनालाहरू माथि नेपाली जनताको मात्र अधिकार रहनुपर्दछ । मेचीदेखि महाकालीसम्मका सम्पूर्ण नदीनालाहरू नेपाली जनताको हजारौं वर्षसम्मका सम्पूर्ण नदीनालाहरू नेपाली जनताको हजारौं वर्षस्मका भावी पुस्ताका लागि उनीहरूको मात्र एकाधिकार लाग्ने अबिचल र अक्षुण्ण सम्पत्ति हुन भन्ने धारणा राख्नुभएको थियो । साम्राज्यवाद, नवउपनिवेशवाद, रंगभेद, विदेशी थिचोमिचो, हस्तक्षेपको विरुद्ध र शान्ति, स्वाधीनता, समानता र राष्ट्रिय सार्वभौमिकताको पक्षपोषण गर्ने कुराले समेत उहाँको धारणा प्रष्ट हुन्छ । असंलग्न आन्दोलन, समाजवाद, सर्वहारा क्रान्ति, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनलाई समर्थन र विश्वयुद्ध, क्षेत्रीय युद्ध विरोधी धारणा, विश्व मानवअधिकार तथा पर्यावरण आन्दोलन सक्रिय सहयोग र समर्थन गर्न पर्ने धारणाले समेत मदन भण्डारीलाई नेपालको विदेश नीति राष्ट्रियता र स्वाधिनताको पक्षमा दृढतापूर्वक उभिने एउटा विलक्षण राष्ट्रवादी नेताको रूप बुझ्न सकिन्छ । छिन्न भिन्न जस्तै भईरहेको कम्युनिष्ट आन्दोलनलाई उग्रवामपन्थी संकीर्णता दक्षिणपन्थी विसर्जनको अवस्थाबाट जोगाएर स्पष्ट सैद्धान्तिक र वैचारिक नेतृत्व प्रदान गर्नु मदन भण्डारीको विशेष गुण, कौशल र नेतृत्व क्षमता थियो । पार्टीको चौथो राष्ट्रिय महाधिवेशन (२०४६) द्वारा महासचिव चुनिएको ६ महिना पुग्दा नपुग्दै देशमा संयुक्त जन आन्दोलन थालनी गराउन सक्नुमा उहाँको नेतृत्व कौशलको प्रमुख भूमिका रहेको कुरा नकार्न सकिदैन । उहाँले आफ्नो प्रखर वक्तृत्व कला साथै नेतृत्व क्षमताको माध्यमबाट देशको युवा पंक्ति र दूर दराजसम्मै पार्टीको विकास र विस्तारमा अतुलनीय एवम् प्रभावकारी भूमिका निर्वाह गर्नुभएको छ ।

## सन्दर्भ सूची


अर्याल, कुन्दन (२०७८). *'जननेता मदन भण्डारी र राष्ट्रियता'. शार्दूल.* मदन भण्डारी फाउन्डेसन

कुइकेल, निर्मल (सम्पा.) (२०६९). *काठमाडौँ सन्देश.* नेकपा एमाले काठमाडौँ जिल्ला कमिटी

ज्ञवाली, प्रदीप (२०७३). 'जनताको बहुदलीय जनवाद र नेपाली समाज'. *शार्दूल.* मदन भण्डारी फाउन्डेसन ।

थापा, सूर्य (सम्पा.) (२०६९). *मदन भण्डारीका सङ्कलित रचनाहरू भाग-५.* मदन-आश्रित स्मृति प्रतिष्ठान ।

थापा, सूर्य (२०५६). *संसदमा मदन भण्डारी.* मदन-आश्रित स्मृति प्रतिष्ठान ।

नेपाल, इन्दिरा (२०६८). *आस्थाको दियो.* मदन भण्डारी फाउन्डेसन

नेपाल, प्रदीप (२०७९), *मदन भण्डारी सङ्कलित रचनाहरू* भाग-१. मदन-आश्रित स्मृति प्रतिष्ठान

नेपाल, प्रदीप (२०७८). *न्युजभित्तो डट कम ।*

नेपाल, प्रदीप (२०७४). 'मदन भण्डारीको सरल जीवनी'. *आजको दिशाबोध.* पृ.४-५, मदन भण्डारी फाउन्डेसन ।

न्यौपाने, मुकुन्द (२०७१). *जननेता मदन भण्डारीसँगको सहयात्रा.* मदन भण्डारी फाउन्डेसन ।

पोखरेल, शंकर (२०७९). 'जनताको बहुदलीय जनवाद एक्काइसौं शताब्दीको मार्क्सवाद'. *आजको दिशाबोध.* पृ.२६-३४, मदन भण्डारी फाउन्डेसन

पोखरेल, शंकर (२०६१), '*मदन भण्डारी र माओवादी,* एक्काइसौं शताब्दी', पृ.११-१७

प्याकुरेल, सुवोधराज (२०६७). 'मदनलाई सम्झिँदा'. *आजको दिशाबोध.* पृ.४४-४७, मदन भण्डारी फाउन्डेसन ।

बराल, गुरुप्रसाद (२०७१). 'जबजको मार्गदर्शक सिद्धान्तका सैद्धान्तिक र वैचारिक आधारहरू'. *आजको दिशाबोध.* पृ.४९-५२, मदन भण्डारी फाउन्डेसन ।

बराल, गुरुप्रसाद (२०६७). 'जननेता मदन भण्डारीले दिशादिर्नेश गरेका केही राजनीतिक र वैचारिक पक्षहरू'. *आजको दिशाबोध.* पृ.२४-२८, मदन भण्डारी फाउन्डेसन ।

बास्कोटा, युवराज (२०६८). *युवाका आँखामा जननेता मदन भण्डारी.* मदन भण्डारी फाउन्डेसन ।

भण्डारी, उषाकिरण (२०७४). 'जबजको सुदृढीकरण र जननेताको सम्मान'. *आजको दिशाबोध.* पृ.४-५, मदन भण्डारी फाउन्डेसन ।

भुसाल, बेदुराम (२०७०).'*नेपाल कम्युनिस्ट पार्टी दस्तावेज सङ्ग्रह',.* पुष्पलाल स्मृति प्रतिष्ठान ।

लुम्साली, ऋषिराम (२०७९). 'नेपालको राष्ट्रियता, महाकाली आन्दोलन र मदन भण्डारीको स्मृति'. *आजको दिशाबोध.* पृ.५०-५८, मदन भण्डारी फाउन्डेसन ।